प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा ।**
सानोठिमी, भक्तपुर**को**
छोटो अवधिका तालीम कार्यक्रम सम्बन्धन/स्विकृती सम्बन्धी सूचना ।
( प्रकाशित मितिः २०८१।०५।१२.)

यसपरिषदबाट सम्बन्धन/स्वीकृती लिई छोटो अवधिका तालीम कार्यक्रम संचालन गर्न इच्छुक संघ/संस्थाहरुलाई **परिषद् कोशी प्रदेश कार्यालय, परिषद् मधेश प्रदेश कार्यालय, परिषद् बागमती प्रदेश कार्यालय, परिषद् लुम्बिनी प्रदेश कार्यालय र सुदूरपश्चिम प्रदेश कार्यालयमा** प्रस्तावना पेश गरि सम्बन्धन/स्विकृतीको प्रक्रिया पुरा गरि सम्बन्धन/स्वीकृतिको लागि तपशिल बमोजिमका मितिमा निर्णय भएका संस्थाहरुले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नियमावली २०५१ (संशोधन सहित) को परिच्छेद ५ नियम २० अनुसार धरौटी शुल्क वापत रू.२५,०००/- राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी शाखा स्थित परिषद् कार्यालयको नाममा रहेको धरौटी खाता नं. १७३०१००००००३००६ मा जम्मा गर्नु हुन र यस अगावै सम्बन्धन लिई नियमानुसार धरौटी शुल्क जम्मा भै सकेको अवश्थामा सोहि धरौटी शुल्क जम्मा गरेको बिलको प्रतिलिपि सहित, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, आर्थिक प्रशासन सम्बन्धी विनियमावली २०६२ (संशोधन सहित) विनियम १३६ उप विनियम (१) को अनुसूची २१ बमोजिम तोकिएको सम्बन्धन शुल्क रू. ५,०००/- र प्रति थप कार्यक्रम रू. २,०००/- को दरले राष्ट्रिय वाणिज्य बैंक, सानोठिमी शाखा स्थित परिषद् कार्यालयको नाममा रहेको चल्ती हिसाब नं. १७३०१००००००९००६ मा जम्मा गरि सम्बन्धन/ स्वीकृती भएका तालीम प्रदायक संस्थाको लेटर प्याडमा नियमानुसार शुल्क जम्मा गरेको विवरण खुलाई **"सम्बन्धन पत्र पाउँ भन्ने बारे"** बिषय राखी लेखिएको निवेदन, सक्कल बैंक भौचर र प्रतिबद्धता पत्र (विस्तृत विवरण सूचना साथ समाबेश गरिएको ) र देहाय बमोजिमका अन्य कागजात सहित परिषद् **कार्यालयमा सम्पर्क राख्नु हुन** मिति २०८१/०५/०९ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्बन्धन पत्र लिन आउँदा अनिवार्य रुपमा ल्याउनु पर्ने अन्य कागजातः** कम्पनी दर्ताको प्रमाणपत्र, गत आ. ब. को कम्पनी अध्यावधिक, प्रतिबद्धता पत्र, कर चुक्ता कम्पनि विधान/कम्पनी प्रबन्ध पत्र र नियमावली ।

सम्बन्धन/स्वीकृती प्रक्रियामा रहेका अन्य संस्थाहरुको विवरण क्रमशः प्रकाशित गरिने छ ।

| **परिषद्/प्रदेश कार्यालय** | **परिषद् कार्यालयको निर्णय मिति** |
|---|---|
| कोशी प्रदेश कार्यालय | २०८१/०४/१५ |
| मधेश प्रदेश कार्यालय | २०८१/०४/१५ |
| बागमती प्रदेश कार्यालय | २०८१/०४/१५ |
| लुम्बिनी प्रदेश कार्यालय | २०८१/०४/१५ |
| सुदूरपश्चिम प्रदेश कार्यालय | २०८१/०४/१५ |

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**
**सानोठिमी, भक्तपुर। सम्पर्क नंः ०१-६६३०४०८**